वर्ष : २१, अंक : २४, काठमाडौं, २०८२ कार्तिक २१ गते शुक्रबार, 7 November, 2025, Friday पृष्ठ : ८, मूल्य रू : १०/–

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://x.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

## मुख्यमन्त्री सोनल भोलि विश्वासको मत लिँदै



जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री जितेन्द्र सोनल भोलि शनिबार विश्वासको मत लिन लागेका छन् । मुख्यमन्त्री सोनलले नेपालको संविधानको धारा १६८को उपधारा (४) बमोजिम शनिबार बस्ने प्रदेशसभा बैठकमा विश्वासको मत लिन लागेका हुन् ।

मधेशका पूर्वमुख्यमन्त्री सतिशकुमार सिंहले पदबाट राजीनामा दिएपछि ५ दलका ५६ जना प्रदेशसभा सदस्यहरूको समर्थनमा सोनललाई असोज २९ गते प्रदेश प्रमुखले मुख्यमन्त्रीमा नियुक्त गरेकी थिइन् । लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, जनता समाजवादी पार्टी नेपाल, जनमत पार्टी, नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादी पार्टीको समर्थनमा सोन मुख्यमन्त्रीमा नियुक्त भएका छन् । सरकारमा दाबी गर्ने समयमा ५ दल रहेपनि अहिले सोनल नेतृत्वको सरकारलाई नागरिक उन्मुक्ति पार्टी र रिजवान अन्सारीको नेपाल संघीय समाजवादी पार्टीले समेत समर्थन गरेको छ । दुई पार्टीले समर्थन गरेपछि सोनल सरकारलाई ५७ मतको समर्थन रहेको देखिन्छ । १०७ सदस्यीय प्रदेश सभामा हाल १०४ जना प्रदेशसभा कायम छन् । सोनल नेतृत्वको सरकारले विश्वासको मत पाउनका लागि प्रदेशसभामा कायम रहेको सदस्यको बहुमत सदस्यको समर्थनको आवश्यक छ । सरकारमा सहभागी रहेका जसपा नेपालका १८ जना, जनमत पार्टीका १३ जना, माओवादी केन्द्रका ९ जना, लोसपाका ८ जना, नेकपा एकीकृत समाजवादी पार्टीका ७ जना र नागरिक उन्मुक्ति पार्टीका तथा नेपाल संघीय समाजवादी पार्टीका १ जना प्रदेश सभा सदस्य मुख्यमन्त्री सोनलको पक्षमा छन् । प्रदेशसभाका दुई ठुला दल नेपाली कांग्रेस र नेकपा एमाले भने विपक्षमा छन् ।

यता जनमत पार्टीबाट प्रदेश सभा सदस्य रहेका निवर्तमान मुख्यमन्त्री सतिश कुमार सिंह र पूर्वमन्त्री त्रिभुवन साह जनमत फुटेर बनेको जनस्वराज पार्टीतर्फ लागिसकेकाले यी दुई प्रदेशसभा सदस्य कतै पनि खुलेका छैनन् । त्यस्तै जसपा नेपालका एक जना प्रदेशसभा सदस्य निलम्बनमा छन् । मधेस प्रदेश सभा सदस्य सरोज सिंह कुशवहा निलम्बित रहेकाले विश्वासको मत दिन पाउने छैनन् ।

## विद्यापति मात्र मिथिलाको नभई नेपालकै साझा धरोहर : ठाकुर



जनकपुरधाम । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका अध्यक्ष महन्थ ठाकुरले मैथिलीका महाकवि विद्यापति मिथिलाको मात्र नभई नेपालकै साझा सांस्कृतिक धरोहर रहेको बताएका छन् । अध्यक्ष ठाकुरले विद्यापतिको कृतित्वमाथि चर्चा गर्दै विद्यापति केवल मिथिलाको नभई सम्पूर्ण नेपालको साझा सांस्कृतिक धरोहर भएको उल्लेख गरेका हुन् ।

मैथिलीका महाकवि विद्यापतिको स्मृति दिवसको अवसरमा सोमबार आयोजित कार्यक्रममा बोल्दै अध्यक्ष ठाकुरले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था स्थापना भए पनि नेपाली बाहेकका भाषाहरूको विकास नहुनुको मूल कारण तिनलाई रोजगारी र सरकारी कामकाजको भाषा नबनाइनु रहेको बताए ।

नेपाली बाहेकका भाषाहरू अझै पनि जागिरको भाषा बन्न नसकिरहेको भन्दै गम्भीर चिन्ता व्यक्त गरेका छन् । 'मैथिलीसहित नेपालका अन्य भाषाले पनि यदि नेपाली भाषा सरह अवसर र मान्यता पाए भने ती भाषाहरूले द्रुत गतिमा विकास गर्न सक्छन्,' ठाकुरले भने ।

कार्यक्रममा मधेश प्रदेशका मुख्यमन्त्री जितेन्द्र सोनलले संविधानमै देवनागरी लिपिमा लेखिने भाषाहरूलाई सरकारी कामकाजको भाषा बनाउने ध्येय रहेपनि व्यवहारमा नेपाली भाषालाई मात्रै प्रयोगमा ल्याइएको बताए ।

उनले भाषा आयोगको सिफारिसका आधारमा अन्य भाषाहरूलाई पनि सरकारी कामकाजमा प्रयोग गर्न सकिने सम्भावना रहेको बताउँदै यस विषयमा आशावादी रहन आग्रह गरे । सो अवसरमा लोसपाका नेता परमेश्वर साह, प्रवक्ता डा. आभाष लाभ, विभिन्न साहित्यकार तथा स्थानीयहरूको पनि सहभागिता रहेको थियो ।

## माओवादी दलको नेतामा पुनः साह



धनुषा । नेकपा (माओवादी केन्द्र) मधेश प्रदेश संसदीय दलको नेतामा भरतप्रसाद साह पुनः नियुक्त भएका छन् । मधेश प्रदेशका पूर्वमन्त्री समेत रहेका साहलाई पार्टीका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले मधेश प्रदेशसभामा दलको नेता पुनः नियुक्त गरेका हुन् ।

सभामुख रामचन्द्र मण्डललाई माओवादी केन्द्रका संयोजकसमेत रहेका दाहालद्वारा हस्ताक्षरित पत्र पठाएर साहलाई दलको नेता कायम गर्न निर्णय भएको जानकारी गराइएको छ । पत्रमा भनिएको छ- 'नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) मधेस प्रदेश संसदीय दलको नेतामा माननीय भरतप्रसाद साहलाई पुनर्स्थापित गर्ने निर्णय भएकाले उहाँलाई दल नेता कायम गरी दलको तर्फबाट प्रतिनिधित्व गराउन अनुरोध गर्दछु ।' साह यसअघि पनि माओवादी केन्द्रको तर्फबाट संसदीय दलको नेता रहिसकेका छन् ।

## भ्रष्टाचार निर्मूल भए मात्रै देशको विकास सम्भव : यादव



महोत्तरी । राष्ट्रिय एकता अभियानका केन्द्रीय अध्यक्ष विनय यादवले देशको विकास सरकार परिवर्तनबाट होइन, भ्रष्टाचारको समूल नाशबाट मात्र सम्भव हुने बताएका छन्।

शनिवार महोत्तरीको पिपरा गाउँपालिकामा राष्ट्रिय एकता अभियान महोत्तरीद्वारा आयोजित जनजागरण कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि यादवले भने, "देश आज विषम परिस्थितिबाट गुज्रिरहेको छ। प्रगति नहुनुको मूल कारण भ्रष्टाचार हो, जुन देशका हरेक तह र अंगमा व्याप्त छ। सरकार फेरेर मात्र समस्या समाधान हुँदैन, यसको लागि उच्चस्तरीय आयोग गठन गरी छानबिन गर्न आवश्यक छ।"

अध्यक्ष यादवले लामो समयदेखि राष्ट्रिय एकता अभियानले भ्रष्टाचारविरुद्ध जनजागरण चलाउँदै आएको र अहिले जेनजी पुस्ता जागरूक र सक्रिय भएको देखेर खुशी लागेको बताए।

कार्यक्रममा अभियानका नेता मनीष पुर्वे हिन्दू, युवा नेता अमित यादव, सूरज यादव लगायतले मन्तव्य राखेका थिए।

त्यस अवसरमा उपस्थित जनसमुदायको उपस्थितिमा ९ सदस्यीय राष्ट्रिय एकता अभियानको पिपरा गाउँपालिका समिति गठन गरिएको छ।

नवगठित समितिको नेतृत्व राधेश्याम यादवले गरेका छन् भने उपाध्यक्ष रामकुमारी यादव,कोषाध्यक्ष जीवन मण्डल,सचिव गौतम कुमार साह सदस्यहरू संझा पासवान, सत्तो साह, सुनीता पासवान, प्रमिला पासवान, भरत ठाकुर गरेका छन्।

कार्यक्रमले भ्रष्टाचारविरुद्ध राष्ट्रिय एकता अभियानको सन्देशलाई गाउँ-गाउँमा पु-याउने संकल्पसहित समापन भएको थियो।

## बालेनको डोजर आतंकबाट त्रसित सुकुम्बासीलाई प्रभु साहको साथ

काठमाडौं । काठमाडौं महानगरपालिकाले सरकारी जग्गा खाली गर्न र नगरे डोजर लगाएर हटाउने सात दिने सूचना जारी गरेपछि त्रसित काठमाडौंका सुकुम्बासीहरुलाई आम जनता पार्टी (आजपा) का अध्यक्ष प्रभु साहले साथ दिने भएका छन् ।

काठमाडौंका मेयर बालेन शाहले सुकुम्बासीलाई डोजर लगाएर पनि हटाउने चेतावनी दिइरहेको बेला आजपा अध्यक्ष प्रभु साह सुकुम्बासीको पक्षमा खुलेर फेरी बालेनको डोजर आतंक आफूहरुलाई स्वीकार्य नभएको र कानून विपरित महानगरबाट हुने जस्तोसुकै कार्यको प्रतिकार गर्ने चेतावनी दिएका छन् ।

'काठमाडौं महानगरद्धारा सुकुम्बासी बस्ती बिरुद्ध भइरहेको षडयन्त्र रोक्न' आजपा निकटको आम सुकुम्बासी तथा अव्यवस्थित बसोबासी संघले आज (सोमबार) काठमाडौंको कोटेश्वरमा आयोजना गरेको पूर्वतयारी एवं खबरदारी कार्यक्रमलाई सम्बोधन गर्दै साहले सुकुम्बासीलाई हटाउने हैन बसोबास गरिरहेकै क्षेत्रमा व्यवस्थित रुपमा पक्की घर निर्माण गरेर दिनुपर्ने बताए ।

'सुकुम्बासीलाई हटाउने होईन, बसिरहेकै क्षेत्रमा पक्की घर बनाएर सरकारले दिनुपर्छ । संविधान, कानूनले सबै नेपालीको बस्ने, खाने, रोजगारी गर्ने अधिकार दिएको छ । यदी कानून विपरित काठमाडौं महानगरले सुकुम्बासी बस्तीमा डोजर आतंक मचाएर उपद्रो मचाउन खोजे त्यो आफूहरुलाई कुनै हालतमा स्वीकार्य हुदैन,' आजपा अध्यक्ष साहले भने, 'गरिब हटाउने होइन, गरिबी हटाउने सदबुद्धी मेयर बालेनलाई आओस । सुकुम्बासीलाई आतंकित बनाउने कार्य बन्द गर्नुस् । त्यो हामीलाई कुनै हालतमा पनि स्वीकार्य छैन् ।'

संविधान, कानूनले सबै नेपाली नागरिकलाई जग्गा दिन, घर दिन भनेको उल्लेख गर्दै आजपा अध्यक्ष साहले काठमाडौंका ललिता निवास लगायतका जग्गा भूमाफियाले कब्जा गर्न सक्ने तर बालेनले सुकुम्बासीलाई घर बनाएर दिन नसक्ने हो भने रौतहटको मौलापुरका मेयर रिना साहले कसरी दलितलाई पक्की घर बनाएर दिएको छ त्यसबाट सिकेर काम गर्न सुझाव दिए ।

'शासकको राम्रो नियत भयो भने काठमाडौंको सुकुम्बासी समस्या एक महिनाभित्रमा समाधान हुनसक्छ । नपत्याए तपाईहरुले मौलापुरमा कसरी दलितलाई पक्की भवन निर्माण गरेर व्यवस्थित बस्ती दिइएको छ त्यसबाट सिकेर काम गर्नुस । शासकहरुको कुकर्मले कोही सुकुम्बासी भए भने कोही हुकुम्बासी र जमिन्दार भएका छन् । यस्तो हर्कत सुधार नभए हामी जस्तो सुकै प्रतिकार गर्नका लागि तयार छौं,' आजपा अध्यक्ष साहले चेतावनीको शैलीमा भने ।

सुशीला कार्की नेतृत्वको सरकारले सुकुम्बासी समस्या समाधान गर्छ की भन्ने बिश्वास रहेको भएको तर यो सरकारले पनि भूमी आयोग नै खारेज गरेर तमासा गरिररहेको टिप्पणी उनले गरे ।

'बालेन मात्रै होइन, काठमाडौं महानगरपालिकामा उपमेयर, वडा अध्यक्ष, सदस्यहरु पनि छन जसलाई तपाईहरुले भोट दिनुभएको छ । तिनिहरु पनि किन मौन बसेका ? किन नबोलेका ? यो बालेनदेखी, कांग्रेस, एमालेबाट बिजयी भएका सबैले मौनता किन साधेको ? हामी कांग्रेस, एमालेको धारणा के हो जान्न चाहन्छौं ?' प्रश्न गर्दै उनले भने ।

सुकुम्बासी, कबाड व्यवसायी, फुटपाथ व्यवसायीले अब मिलेर बालेनको हर्कतका बिरुद्धमा एकजुट भई प्रतिकारमा उत्रिन समेत आजपा अध्यक्ष साहले आह्वान गरेका छन् । संविधान, कानून अनुसार देश बनाउने, जनतालाई सेवा, सुविधा दिन अगाडी आउन बालेनलाई सुझाव दिदै आजपा अध्यक्ष साहले कानून विपरित महानगरको हर्कतका बिरुद्धमा जस्तो सुकै प्रतिकार गर्न आफूहरु तयारी अवस्थामा रहेको चेतावनी दिए ।

## जउवा संघ आन्दोलित

जनकपुर । धनतेरस पर्वको पूर्वसन्ध्यामा सुनचाँदी बजारमा भएको घटनाको निष्पक्ष छानबिनको माग गर्दै जनकपुरधाम उद्योग वाणिज्य संघ आन्दोलनमा उत्रिएको छ। संघले दोषी प्रहरीमाथि कारबाहीको माग गर्दै जनकपुरधाममा बजार व्यवसाय बन्द गरी आन्दोलन गरेको हो।

संघका अध्यक्ष सुरेन्द्र भण्डारीमाथि प्रहरीद्वारा गरिएको दमन र कुटपिटको विरोधमा जनकपुरधाम उद्योग वाणिज्य संघ र जनकपुरधामका व्यापारीहरूले दोस्रो चरणको आन्दोलनको कार्यक्रमअन्तर्गत बजार व्यवसाय बन्द गरेका हुन्।

जनकपुरधामका व्यापारीहरूले बिहान ९ बजेदेखि १२ बजेसम्म आ-आफ्नो व्यापारिक प्रतिष्ठान बन्द गरी विरोध जनाएका छन्। त्यस्तै, जनकपुरधाम उद्योग वाणिज्य संघको अगुवाइमा नगरमा व्यापारीहरूले विरोध ज्याली समेत निकालेका थिए। यसअघि संघको आह्वानमा व्यापारीहरूले पहिलो चरणको आन्दोलनको कार्यक्रमअन्तर्गत व्यापारिक प्रतिष्ठानमा कालो झण्डा झुन्ड्याएर र कालोपट्टी बाँधेर व्यवसाय सञ्चालन गरी तीन दिनसम्म विरोध जनाएका थिए।

धनतेरस पर्वको पूर्वसन्ध्यामा प्रहरीले अवैध सुनचाँदी रहेको सूचनाको आधारमा सुनचाँदी बजारमा छापा मारेको थियो। छापा मार्ने क्रममा एक पसलबाट प्रहरीले सात किलो चाँदी नियन्त्रणमा लिएपछि व्यापारीहरू प्रतिवादमा उत्रिएका थिए।

व्यापारीहरूले प्रहरीले छापाको नाममा चाँदी लुटेको आरोप लगाउँदै प्रतिवाद गर्न खोजेपछि प्रहरीले बल प्रयोग गरेको थियो। सोही क्रममा प्रहरीको कुटाइबाट जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारी घाइते भएका थिए।

## सम्पादकीय

# देशमा अराजक स्थिति कसरी भयो ?

चरम सीमासम्म भ्रष्टाचार भएपछि देशमा अराजक स्थिति आयो । पारस्परिक भागबण्डा नमिलेपछि एक अर्कालाई अख्तियार लगाउने प्रतिस्पर्धामा धेरै नेताहरु परे । धेरै नेताहरु जेल गए । दागी भएर राजनीतिक क्षेत्रबाट सन्यास लिएर घरमा बस्ने नेताहरुबाट पनि शिक्षा नलिएर भ्रष्टाचार गर्नेहरु थामिएन । भ्रष्टाचारको वेगवान अवस्थामा किञ्चित पनि कमी आएन । दार्शनिक शासकहरु व्यवहारमा भ्रष्टाचारलाई प्रश्रय र सैद्धान्तिक रुपमा सुशासनको वकालत समानान्तर किसिमले गरि नै रहे । ०४६ पूर्वको शासनमा भएको भ्रष्टाचार सयकडौं गुणाले बढ्यो । हुनत पंचायती शासनमा वैदेशिक सहयोगको राशी आजभन्दा कमै थियो । पंचायत व्यवस्थाकालमा भ्रष्टाचारको शिलान्यास भए पनि आज जस्तो खुल्लमखुल्ला भ्रष्टाचार गर्न सबै डराउँथे । राज्यसत्ताले जन्माएको भ्रष्टाचारको बटवृक्ष झाँगिदै विशाल तथा शक्तिशाली अवस्थामा पुगेको छ । अब व्यक्तिभन्दा संस्थागत भ्रष्टाचारको विकास भएकोले यसलाई नियन्त्रण गर्न सजिलो छैन ।

जो आए राज्यसत्ता अगाडि आत्मसमर्पण नै गरे । दुईतिहाईको नजिक रहेको तत्कालीन केपी शर्मा ओलीको सरकारले शुरुवातमा भ्रष्टाचार उन्मूलन गर्ने प्रयासमा लागे पनि सकेन र उनले पनि राज्यसत्ता समक्ष आत्मसमर्पण गरि यथास्थितिलाई कबुल गऱ्यो । त्यसपछिका दिनमा आफ्नो प्रभावका मानिसले भ्रष्टाचार गर्दा ओलीले बचाव पक्षका वकील जस्तै बकालतमा लागे ।

भ्रष्टाचार गर्ने एक मात्र एजेण्डा बोकेको राज्यसत्ताको परम्परागत चरित्रलाई यी नवागन्तुक परिवर्तनकारी शक्तिहरुले पनि बदल्न सकेन । यसरी नव नेपाल निर्माणको सपना अधुरा छोडि पार्टीहरु धन लाभ गर्ने कुराबाट प्रेरित भए । यसरी देशको धरातलमा देखिएका समस्याहरु ज्यूँकात्यूँ रह्यो र देश फेरि अराजक स्थितिमा देखापऱ्यो । उद्योगधन्दा धराशायी भयो । आर्थिक अवस्था झन्-झन् विकराल हुँदै गएको हो । भगवान भरोसे चलेको नेपालको अर्थतन्त्र कहिल्यै पनि सिस्टमसँग जोडेर अगाडि लगिएन । अर्थतन्त्रलाई गतिशील बनाउने कसैको प्रयास रहेन । विकासको नाममा आएका वैदेशिक सहयोगलाई पनि लक्षित योजनामा ईमान्दारीपूर्वक लगानी हुन दिएन । योजना धेरै खडा गरियो तर त्यसलाई परिणामसम्म जान दिइएन । मानिसहरु धनी बने, देशले केचुली फेर्न सकेन । देशलाई गरिब राखेर नै वैदेशिक सहयोग प्राप्त गर्न सकिन्छ भन्ने सिद्धान्तको रुपमा राज्यसत्ताले सबैलाई सिकायो । सरकारमा आउने जोसुकैले यही सिद्धान्तको परिधीभित्र रहेर शासन चलाए । देश र जनता सधैं दुखी नै रह्यो ।

अवसर नपाएर देशका युवाहरु विदेश पलायन हुँदा आउने विप्रेषणले अर्थतन्त्रको ग्राफलाई उठायो । शासकवर्ग तथा सल्लाहकार अर्थविद्हरु सबैले आफ्नो क्षमता प्रदर्शन गर्न अनेक तर्कहरु दिएर प्रस्तुत भए । तर पनि देशको परनिर्भरता, आयातको अनुपात, व्यापार घाटा कम नहुँदा न विज्ञहरुको आफ्नो तर्क काम लाग्यो न आयातित आर्थिक सिद्धान्त नै । खर्बौंमा आएको रेमिट्यान्सलाई उत्पादन क्षेत्रमा प्रयोग गरि आत्मनिर्भरको दिशामा एक कदम पनि बढ्न नसक्नुले अर्थविद्हरुको बुद्धि के काम लाग्यो ? यस क्षेत्रमा पनि सरकार असक्षम रहेको छ । यति शक्तिशाली सरकारले किन राज्यसत्तालाई नियन्त्रणमा लिएर सुशासन, भ्रष्टाचारमुक्त राज्य संयन्त्र बनाउन सकिरहेको छैन ? शक्ति प्राप्त गरेर पनि सरकार किन राज्यसत्ता अगाडि आत्मसमर्पण गरेको छ ?

विरासतमा पाएको राज्यसत्ता जुनसुकै सरकारको लागि आस्थाको केन्द्र भएकोले यसको मूल स्वरुपलाई भत्काएर लिइने सुशासन कुनै पनि सरकारको लागि मान्य नभएकोले देश विषम परिस्थितिमा जहिले पनि रह्यो । उत्कृष्ट शासनका लागि ठूला ठूला आन्दोलन भए पनि असलमा त्यो राज्यसत्तामा सहभागी हुने आन्दोलन थियो, परिवर्तनका लागि थिएन । पुराना कमेज फलेर नयाँ कमेज लाउनु पनि परिवर्तन हो । ठीक यही बमोजिम नेपालको परिवर्तनलाई परिभाषित गरिएको छ ।

# मधेश मुद्दाको नयाँ कार्यदिशा



सरोज कुमार मिश्रा

प्रथमतः भ्रष्टाचारविरुद्ध देश बचाउ आन्दोलनमा सहभागी सम्पूर्ण महान् सहिदहरूलाई विनम्र श्रद्धाञ्जली, घाइते जिउँदा सहिदहरूलाई शीघ्र स्वास्थ्य लाभको कामना छ । साथै जनआन्दोलन २०८२ मा सहभागी युवापुस्ता र आन्दोलनलाई उत्कर्षमा पुऱ्याउन सहयोग गर्ने सबैमा हार्दिक आभार ! आन्दोलनको लक्ष्य प्राप्ति होस्, यही शुभकामना !

भ्रष्टाचार कोरोना भाइरसभन्दा पनि खतरनाक रोग हो । केही देशले भुइँ तहसम्म फैलिएको भ्रष्टाचार नियन्त्रण गर्न कठोर संवैधानिक व्यवस्था र प्रहरी-प्रशासन संयन्त्र चुस्त-दुरुस्त बनाएका छन् । हाम्रो देशमा भने न कठोर संवैधानिक व्यवस्था छ, न यसलाई नियन्त्रण गर्न योग्य प्रहरी-प्रशासन । अख्तियार दुरुपयोग अनुसन्धानका गतिविधि नै दलीय छायामा लट्टिएको छ, अरू जिम्मेबार निकायको कुरै छोडौं । हाम्रो देशमा भ्रष्टाचाररूपी रोगको फरक संस्करण राणाकालीन, पञ्चायतकालीन, राजतन्त्रकालीन, सङ्घीय गणतन्त्रकालीन हुँदै नयाँपुस्ताको जनविद्रोहसम्म आइपुगेको छ ।

भगवानका, पुरातात्त्विक महत्त्वका, सुनका मूर्तिहरू बेचियो, अफिम, चरस, ब्राउनसुगर बेचियो । नदीनाला, वनजङ्गल, ढुङ्गामाटो बेचियो । देशलाई विदेशी ऋणको दलदलमा डुबाइयो । प्रमुख राजनीतिक दलका प्रमुखहरू भने सत्ताका लागि हानथाप र सांसद किनबेच गर्ने काममा रमाए । पाँच बर्से एक कार्यकालमा चार पटक सरकार फेर्ने, धेरैपटक प्रधानमन्त्री हुने प्रतिस्पर्धा चल्यो । देशलाई खर्चिलो मध्यावधि चुनाव थोपर्न तँछाडमछाड चल्यो । चुनावका लागि भन्दै सरकारी खर्च बढाउनु र त्यसको भार जनतालाई बोकाउनु सामान्य ठानियो । प्रमुख दलका नेताहरूले चुनावको बहानामा उद्योगपति, व्यापारीहरूसँग मोटो रकम चन्दा लिने र चुनावपछि महँगीको भार नेपाली जनताको थाप्लोमा थोपरेर पानीमाथिको ओभानो हुने प्रवृत्ति संस्थागत गरियो ।

कुनै बेला भ्रष्टाचारीहरूलाई कारबाहीको माग उठाउँदा दरबारिया र राजाका अरौटेभरौटेहरूको टाउको-दुखाइ हुन्थ्यो । उसैगरी आज जनताले भ्रष्टाचारीमाथि कारबाहीको माग दोहोऱ्याउँदा गणतन्त्रका कथित नेताहरूको टाउको दुखाइ किन भइरहेको छ ? भ्रष्टाचार भनेको देश र जनताप्रतिको बेइमानी हो । अहिलेको प्रमुख राजनीतिक दलहरूमा देश र जनताप्रति समर्पित भई निःस्वार्थ सेवा गर्ने इमान्दार नेताहरू कम छन् । दलहरूमा राजनीतिलाई व्यापार बनाउने बेइमानहरूको सङ्ख्या धेरै छ । जनताले राज्यको हिसाब र इतिहासले नेताहरूको देश र जनताप्रतिको योगदानको फेहरिस्त माग्दा के अपराध भयो ? नेताहरू पारदर्शी हुनु परेन ? सत्ता कसैको बिर्ता वा जागिर होइन । सत्ताका मालिक जनता हुन् । शासक सार्वभौमसत्ता सम्पन्न जनताका सेवक हुन् । जनताभन्दा माथि देश हो । देश नागरिकको पहिचान हो । कसैले पनि आफ्नो पहिचान मेटाउन चाहँदैन । भ्रष्टाचारी र तिनका संरक्षकहरूको कुनै धर्म, इमान, देश र नैतिकता हुँदैन ।

देशका सामु सत्ता, राष्ट्रपति, प्रधानमन्त्री, संविधान, संसद्, राजनीतिक दलको सन्दर्भ गौण हुन्छ । भ्रष्टाचारविरुद्धको आन्दोलन भनेको देश बचाउने जनमत प्रदर्शन हो । देश अर्थात् मातृभूमिको रक्षाभन्दा ठुलो केही हुँदैन । नेपालीहरूले उहिले देशबाहिरका दुस्मनसँग नालापानीलगायत किल्लामा लडे । अहिले देशभित्रका दुस्मन अर्थात् भ्रष्टाचारीसँग युवापुस्ता लड्दै छ । यो गौरवको विषय हो । युवापुस्ताको साहसलाई सबैले सम्मान गर्नुपर्छ ।

खासगरी २०४६ साल चैत २६ गतेको परिवर्तनपछि २०६२-०६३ को जनआन्दोलनसम्म आउँदा भ्रष्टाचारले जनता आजित भइसकेका थिए । सम्भवतः त्यही कारण जनता सात राजनीतिक दलहरूले ज्ञानेन्द्र शाहविरुद्ध माओवादीहरूसँग आन्तरिक सहमतिसहित घोषणा गरिएको आन्दोलनको समर्थनमा सुरुमा नेपाली जनता सडकमा आएनन् । भ्रष्टाचारयुक्त व्यवहारका कारण जनता राजनीतिक दलहरूसँग असन्तुष्ट थिए । सात दलका प्रमुख नेताहरूले काठमाडौँको टुँडिखेलमा आमसभा गरेर नेपाली जनतासँग सामूहिक रूपमा माफी मागे । 'विगतमा भएका गल्तीहरू दोहोऱ्याउने छैनौं, एक पटकका लागि माफी दिनुहोस्' भनेपछि मात्र नेपाली जनता सडकमा आए । त्यसपछि निरङ्कुश राजतन्त्र जनतासामु घुँडा टेक्न बाध्य भएको थियो । विडम्बना राजनीतिक दल र नेताहरूले त्यो कुरा बिर्सिए । पुनः नेता तथा दलहरूको बोली एकातिर, कर्म अर्कोतिर भयो । २०६२-०६३ को परिवर्तनयता तहतहको भ्रष्टाचार मौलायो । तस्कर, ठग, माफिया, गुन्डा, दलालहरूबाट अनेकौं तरिकाले देश लुटियो । नेपाली जनतालाई भुटानी बनाएर पहिचान मेटाउने राष्ट्रघाती अपराधसमेत भयो । तर अपराधीहरूलाई कानुनी कारबाहीको साटो राजनीतिक संरक्षण प्राप्त भयो । दलका तर्फबाट पटक-पटक प्रधानमन्त्री, मन्त्री हुनेहरू नै मुलुक यो दुरावस्था पुग्नुको मुख्य जिम्मेबार र जबाफदेही हुन् ।

प्रमुख राजनीतिक दल र तिनका भ्रष्ट नेताले दिने सुशासन र समृद्धिको गफ निर्लज्जताको पराकाष्ठा हो । निर्वाचनमा दलका तर्फबाट उम्मेदवारीका लागि वार्ड सदस्यको दुईदेखि पाँच लाख, वडाध्यक्षको २५ देखि ५० लाख, नगरप्रमुखको एक करोडदेखि पाँच करोडसम्म, प्रदेशसभा सदस्यको एक करोडदेखि दुई करोडसम्म, सङ्घीय सांसदको दुई करोडदेखि पाँच करोड रुपियाँसम्म गर्नुपर्ने भयो । समानुपातिक मत हैसियत र निर्वाचन क्षेत्रमा पकडको हिसाबमा लेनदेनको दररेट संस्थागत गरियो । मन्त्री, राजदूत सिफारिसका लागि दलीय कोटाका मालिकहरूलाई पाँचदेखि २५ करोडसम्म बुझाउनु पर्ने भयो । अख्तियार अनुसन्धानसहित संवैधानिक निकाय र न्यायाधीश नियुक्तिका लागि कोसेली भएर मात्र पुगेन, अतिरिक्त योग्यतामा कि नातागोता कि पार्टीको झोले हुनु अनिवार्य गरियो । धेरै न्यायाधीशहरू नै भ्रष्टाचारका अभियुक्त रहेको जगजाहेरै छ ।

एनजिओ-आइएनजिओहरूमार्फत विदेशीहरूबाट आएको सहयोगमा समेत कमिसन, त्यो पनि अग्र नेताहरूलाई पहिले चाहिन्छ । प्रमुख राजनीतिक दलको टिकट लिँदा जति खर्च हुन्छ, त्यो भन्दा बढी पैसा चुनावका बेला चाहिन्छ । हारे विभिन्न नामका ठेक्कापट्टा र अवसरहरू, जिते जे गरेर भए पनि आफ्नो पैसा निकाल्ने छुट हुन्छ । विकास-निर्माणका कामहरूबाट खर्च उठाउने परम्पराजस्तै भएको छ । नेपालमा तिनै तहको सरकारको एउटा प्रमुख काम इन्धन शीर्षकमा खर्बौं रुपियाँ दुरूपयोग र सरकारी धनको लखनउ-लुट गर्नु भएको छ । गरिब, निमुखा जनता समस्या परेर वडा कार्यालय वा नगरपालिकामा सहयोग माग्न जाँदा खाली हात फर्काइन्छ । सघन रोगको उपचारका लागि सहयोग माग्न जाँदा झारो टार्ने काम हुन्छ । विद्युत् र सञ्चार क्षेत्रमा चुहावट, अनियमिता र मनपरी उस्तै छ । उद्योगपतिले तिर्न बाँकी करोडौं रूपियाँ उठाउने सरकारी इच्छाशक्ति देखिँदैन, सीमान्तकृतहरूको भने तिर्न बाँकी रकम पाँच हजार पुगेको हुँदैन, सरकारी संयन्त्र कैँची लिएर लाइन काट्न पुगिहाल्छ ।

सरकारसँगको सम्झौताअनुसारको स्वास्थ्य बिमाका नाममा पनि जनता ठगिन र सास्ती भोग्न अभिशप्त छन् । डाक्टरले औषधि लेख्दा, आधा सरकारी फार्मेसीमा पाइने र आधा बाहिर किन्नुपर्ने खालका हुन्छन् । औषधि कम्पनीको सेटिङ र कमिसनको चक्करमा बिरामी महँगो औषधि किन्न बाध्य छन् । सरकारी फार्मेसीबाट दिइने औषधि प्रायः कम गुणस्तरका हुन्छन्, त्यही पनि ६ महिनाभन्दा बढी पुग्दैन । २०४७ सालयताका सरकारहरूले किसानलाई समयमा मल खरिद गरी उपलब्ध गराउन नसक्नुमा ठुलो कमिसनको खेल छ ।

भारत र चीनले बनाइदिएको नहरहरूबाट सिँचाइलाई व्यवस्थित बनाउन मर्मत-सम्भारका नाममा बर्षेनि बजेट छुट्याएको हुन्छ । तर समयमै मर्मत भएर किसानले चाहेको समयमा नहरमा पानी हुँदैन । जल उपभोक्ता समितिका केही सीमित व्यक्तिले खर्बौं रुपियाँ खल्तीमा हाल्ने गरेकाले किसानले दुर्नियति भोग्नु परिरहेको हो । नदी नियन्त्रण र जल पैदावर उत्खननको नाममा उस्तै ब्रह्मलुट छ । निर्माणव्यवसायी, ठेकेदार र उपभोक्ता समितिले हदै पार गरिसकेका छन् । गुणस्तरहीन काम गर्ने अनि खोलाले बगाएको दोष देखाउन सजिलो बाटोको रोजाइ छ, जसबाट मुख्यतः नेताहरू नै मालामाल भएका छन् ।

एउटै योजनामा दुवै या तिनै तहको सरकारको लगानी खन्याइन्छ । एउटा काममा लागत-इस्टिमेट एउटै हुने भए पनि बजेट भने तिनैतिर वा दुईतिरबाट ल्याएर खर्च गरिन्छ । बिल भौचर, कागज मिलाएर भागशान्छि हुन्छ । मुलुकमा आश्चर्यचकित हुनेखालका एक से एक भ्रष्टाचारका काण्डहरू छन् । सरकारी जग्गा बिक्री भएका छन् । आफू र आफन्तको कम मूल्याङ्कनको जग्गा क्षेत्रमा गौरवका आयोजना पारेर अनावशयक जग्गा बढी मूल्याङ्कनमा खरिद गरी सरकारी कोष दुरूपयोग गरिन्छ । सरकारले विदेशबाट कुनै सामान खरिद गर्दा कमिसन नलिई सम्झौता पास हुँदैन । कमिसनको जालो लागेपछि त्यस्ता सामानहरू कम गुणस्तरका हुने नै भए । राम्रै उपकरणहरू पनि चाँडै बिगारेर कमिसन खाने-खुवाउने वातावरण सिर्जना गरिन्छ । माओवादी सशस्त्र द्वन्द्वकालमा सरकारले खरिद गरेका हतियार र बन्दोबस्तीका सामानमा भएको भ्रष्टाचार काण्ड सर्वविदितै छ ।

हामीले २०४६ सालको परिवर्तनपछि मौका पाउँदा गिरिजाप्रसाद कोइराला, मनमोहन अधिकारी प्रधानमन्त्री र वर्तमान राष्ट्रपति रामचन्द्र पौडेल सभामुख भएका बेला सार्वजनिक रूपमा ध्यानाकर्षण गराएका थियौं- 'देश गलत दिशामा गइरहेको छ । यसलाई समय छँदै नियन्त्रण गर्नुहोस्, नत्र परिणाम भयावह हुनेछ । अहिले भइरहेका कामहरू जनमुखी छैनन्, भ्रष्टाचारमुखी छन् ।' नभन्दै परिणाम आज सबैसमक्ष छ । देश भ्रष्टाचारमय भएको छ । नेताहरूले समयमै जनभावना बुझेको भए आज लखेटिनु, छिःछिः दुरदुर हुनुपर्ने थिएन ।

तराई-मधेशमा भुइँ तहका जनता सीमावर्ती भारतीय बजार गएर घरकाजका लागि खाने-पिउने-लाउने सामान ल्याउने चलन छ । सामान्यतः दुवै देशका सराकारी संयन्त्रबाट त्यसमा रोकटोक छैन । तर व्यापारीहरूले भन्सार छलेर ल्याएका सामान नेपाली बजारमा खुलेआम चर्को भाउमा बेच्न पाउँछन् । त्यो पहुँचविहीन जनताप्रति गरिएको आर्थिक शोषण हो । यसको भित्री तहमा अवश्य पनि सेटिङ र कमिसनको खेलोमेलो छ । उद्योगपतिहरू कर्मचारीलाई कमिसन दिएर ठुलो मात्रामा करछली गर्छन् । कमिसनको यस्तो लहरो माथिसम्म जोडिएको हुन्छ । व्यापारीहरू हाकाहाकी भन्छन्, नेपालमा पैसा छ भने जे पनि गर्न सकिन्छ । यस्ता कुरा सुनेर जनता आश्चर्यचकित हुन्छन् । देशमा इमानदारहरू छैनन् भन्न खोजिएको होइन, इमानदारमाथि बेइमानहरू हाबी छन् । देश भ्रष्टाचारमय भएको छ । जता हेऱ्यो त्यतै बेइमानहरूकै जगजगी छ । जनतालाई भैपरी आउने समस्यामा सहयोग गर्न बनाइएको राज्यकोषको रकममा पार्टीका नेता, सरकारी संयन्त्रमा बसेका उच्च पदस्थ व्यक्ति, तिनीहरूका परिवारजन, नेताका आसेपासे र केही पहुँचवाला व्यक्तिहरूले प्राथमिकता पाउँछन् । स्वास्थ्य उपचार र अन्य बाहनामा २५ लाखदेखि करोडसम्म रकम

बाँकी पृष्ठ ३ मा

# कांग्रेस निर्वाचनमा भाग लिएर, जितेर महाधिवेशनमा होमिनुपर्छ



**महेन्द्र यादव**

**सहमहामन्त्री, नेपाली कांग्रेस**

**० कांग्रेस केन्द्रीय समितिको बैठक आजबाट फेरि सुरु हुँदैछ । महाधिवेशनको सन्दर्भमा के निर्णय होला ?**

– महाधिवेशन नियमित गर्नुपर्छ भन्ने धेरै साथीहरूको भनाइ छ । तर सरकारले आगामी फागुन २१ प्रतिनिधिसभा निर्वाचन घोषणा गरेको छ । निर्वाचनमा भाग लिएपछि मात्रै नियमित महाधिवेशनमा जानुपर्छ । नेपाली कांग्रेसमा अहिलेसम्म जति महाधिवेशनहरू भएका छन्, नियमित चारवर्षे कार्यकालमा एक वर्ष थपेर भएका छन् । विषम परिस्थितिमा केन्द्रीय कार्यसमितिको बहुमतले एक वर्ष कार्यकाल थप्न पाउने विधानमै व्यवस्था छ ।

नेपालमा अहिले विषम परिस्थिति चलिरहेकाले एक वर्ष त थप्न सकिन्छ । तर हामीले एक वर्ष होइन, ६ महिना केन्द्रीय कार्यसमितिको म्याद चालु केन्द्रीय समिति बैठकबाट थप्ने निर्णय गर्ने र फागुनमा प्रतिनिधिसभाको निर्वाचन सम्पन्न भएपछि वैशाखमा पार्टीको १५ औँ महाधिवेशन गराएर जानुपर्छ भन्ने धेरै केन्द्रीय सदस्य साथीहरूको धारणा छ ।

**० मंसिरमा नियमित महाधिवेशन नगरे विशेष महाधिवेशन गर्ने भनेर महाधिवेशन प्रतिनिधिहरूको हस्ताक्षर कार्यवाहक सभापतिलाई बुझाइएको छ । त्यो जानकारी उहाँले केन्द्रीय समितिमा गराइसक्नुभएको छ । यसबारे के निर्णय हुन्छ ?**

– विशेष महाधिवेशन माग गरेर हस्ताक्षर बुझाइएको छ । त्यसमा किन विशेष महाधिवेशन माग गरिएको हो भन्नेमा एजेण्डा पनि क्लियर छैन । त्यो पनि केन्द्रीय समितिले विशेष महाधिवेशनमा के गर्ने ? नीतिगत कुरा गर्ने हो कि ? नेतृत्व फेर्ने हो कि ? भन्ने स्पष्ट छैन । विशेष महाधिवेशनले पार्टी सभापतिलाई विस्थापित गर्ने कुरा हुन्छ ।

जेनजी आन्दोलनपछि सभापति शेरबहादुर देउवाले स्वेच्छाले नै कार्यवाहक सभापतिको जिम्मेवारी दिइसक्नुभएको छ । त्यसैले कार्यवाहक सभापति भइसकेको अवस्थामा विशेष महाधिवेशनको अब औचित्य छैन । अर्को कुरा, विशेष महाधिवेशन माग गर्दा जति महाधिवेशन प्रतिनिधिको हस्ताक्षर पेस गरिएको छ, ती हस्ताक्षरको एक, एक गरी रूजु गर्नुपर्छ । हस्तक्षर गरेका सबैले नागरिकता, प्रमाणपत्रसहित पार्टी कार्यालयमा आएर 'हो, मैले विशेष महाधिवेशनको माग गरेको छु' भन्नुपर्छ ।

हस्तक्षर गरेका भनिएका कतिपयले अहिले फेसबुकलगायत सामाजिक सञ्जालमा र कतिपयले निवेदन दिएर हामीले विशेष महाधिवेशन भनेका थिएनौँ अनुमति नलिई नाम लेखिदिएको हो भनेर स्पष्टीकरण दिइरहेका छन् ।

अर्कोतर्फ विशेष महाधिवेशनले पार्टीमा विभाजन ल्याउने खतरा रहन्छ । एक पक्षले विशेष महाधिवेशन गर्ने, अर्को पक्षले 'हामी विशेष महाधिवेशन मान्दैनौ' भने के हुन्छ ? त्यसैले विशेष महाधिवेशन परिस्थिति अनुसार हुन्छ ।

अहिले विशेष महाधिवेशन गर्ने परिस्थिति छैन । नियमित महाधिवेशन गर्ने हो, फागुन २१ गतेका लागि तोकिएको प्रतिनिधिसभाको निर्वाचनपछि । निर्वाचन नभएको भए मंसिरमै नियमित महाधिवेशन गर्न मिल्थ्यो । निर्वाचनका कारण ६ महिना कार्यकाल थपेर वैशाखमा १५ औँ महाधिवेशन गर्ने कार्यतालिका ल्याउने निर्णय केन्द्रीय समितिबाट गर्नुपर्छ । विशेष महाधिवेशन भन्ने नेताहरू नै अहिले नियमित महाधिवेशन गर्नुपर्छ भन्ने लाइनमा गइसकेका छन् । विशेष महाधिवेशनका लागि जसले हस्ताक्षर गर भनेका थिए ती नेताहरूले नै अहिले भनिसके 'ल नियमित महाधिवेशन नै गरौँ, तर निर्वाचनभन्दा पहिला गरौँ ।'

**० त्यसो भए तपाईंहरूले निर्वाचन अगाडि कांग्रेसको १५ औँ महाधिवेशन गर्नुहुन्न ?**

– निर्वाचन अगाडि महाधिवेशन गर्नु हुँदैन । पार्टी किन गठन हुन्छ ? पार्टीमा अधिवेशन, महाधिवेशन किन हुन्छ ? नेतृत्व किन चाहिन्छ ? पार्टी संगठन बलियो किन चाहिन्छ ? निर्वाचनमा जित्नका लागि होइन ? तसर्थ अधिवेशन पहिले गराएर, झगडा गराएर, त्यसपछि निर्वाचनमा गएर पाँच सिट जित्न सकिएन भने त्यो पार्टीको, त्यो नेतृत्वको के महत्व रहन्छ ? जतिसुकै ठूलो कुरा गरे पनि आखिरमा शेरबहादुर देउवाले जति निर्वाचन लडे, सबैमा आजसम्म जित्दै आए ।

शेरबहादुर, गिरिजाप्रसाद कोइराला वा कृष्णप्रसाद भट्टराईले आफू हारेर पनि पार्टीलाई जिताएका होइनन् । त्यसैले अहिले मूल कुरा निर्वाचनमा पार्टीको 'टेस्ट' हो । कांग्रेस पार्टीको संगठन कति बलियो छ, त्यो निर्वाचनमा टेस्ट हुन्छ । निर्वाचन अगाडि महाधिवेशन गरेर निर्वाचनमा अधिवेशनको झगडा लिएर जाँदाखेरि पार्टीको पक्षमा राम्रो नतिजा आउँदैन । यसबारे विगतमा कांग्रेसमा देखिएकै छ । आफ्नै पार्टीका मान्छेका कारण कांग्रेसका उम्मेदवारहरू गत निर्वाचनमा पनि १५ देखि २० जना हारेका छन् । त्यसैले पार्टीलाई एकताबद्ध गराएर सिंगो पार्टी अहिले निर्वाचनमा होमिनुपर्छ । अहिले विशेष वा नियमित महाधिवेशनको कुरा गऱ्यो भने दुनियाँले 'कांग्रेस निर्वाचनबाट डरायो, निर्वाचनबाट भाग्न खोज्यो' भन्छ ।

त्यसैले कांग्रेस निर्वाचनमा भाग लिएर, जितेर महाधिवेशनमा होमिनुपर्छ । कांग्रेसले निर्वाचनमा भाग मात्रै लिने होइन, जित्ने, अनि यो संविधानको पनि रक्षा गर्ने, व्यवस्थाको पनि रक्षा गर्ने भनेर जानुपर्छ भन्ने धेरै साथीहरूको धारणा छ ।

**० पहिला निर्वाचनमा होमिने, त्यसपछि महाधिवेशनको तयारी गर्ने रणनीति कांग्रेसले अवलम्बन गर्छ ?**

– हो । पहिला निर्वाचन, त्यसपछि पार्टीको अधिवेशन, महाधिवेशन ।

**० विशेष महाधिवेशन पक्षधरहरूले त हाम्रो माग बमोजिम जारी केन्द्रीय समितिबाट नियमित वा विशेष महाधिवेशनको मिति तय नभए विशेष भेला बोलाउँछौँ भन्नेसम्मका कुरा पनि गरिरहेका छन् नि ?**

– बोलाए भइहाल्यो नि । विशेष भेलामा महाधिवेशन र महासमिति सदस्य विधानअनुरुप उपस्थित हुनुपऱ्यो नि । अहिले टेलिफोनको भरमा हाम्रो हस्तक्षर आफैं गरेर राखियो भनेर बोल्ने क्रम सुरु भइरहेको छ । त्यो बेलामा त सशरीर उपस्थित हुनुपर्छ, रुजु गर्नुपर्छ । त्यसैले जसले विशेष भेला बोलाउँछु भन्छ, उसलाई पनि त पार्टी एक हुनुपर्छ भन्ने चाहना होला नि । पार्टी एकताप्रति यदि गम्भीर छ भने विशेष भेला बोलाउलान् भन्ने हामीलाई लाग्दैन । - *रातोपाटीबाट*

## मधेश...

मनपरी बाँडिन्छ । नक्कली बिल-भौचर पेस गरी पैसा निकालिन्छ । यस्तो सरकारी बेथितिका केही सूचना सार्वजनिक भएका पनि छन् भने केही रेकर्डहरू नष्ट गरिएका छन् । राज्यकोष दोहन र दुरूपयोगमा प्रधानमन्त्री, मुख्यमन्त्री र विभागीय मन्त्रीहरूको सिधै हात छ ।

बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको कुलपति बनाउँदा स्वास्थ्य मन्त्रीले पाँचदेखि १० करोड रुपियाँ नजराना तोकेका हुन्छन् भन्ने तथ्य सार्वजनिक भएकै छ । बेइमान नेताहरूले इमानदार चिकित्सकहरूलाई पनि बिगारेका छन् । सरकारी अस्पतालहरू डुबाएका छन् । सरकारी अस्पतालहरूको दुरावस्था र अव्यवस्थाको भार जनताले खेप्नु परेको छ । भ्रष्ट नेतृत्वका कारण अस्पतालका इमानदार चिकित्सक, कर्मचारी, सेवक-सेविकाहरूले दुःख खेप्नु परेको छ । नेताहरू आफू र परिवारको उपचार विदेशमा गरेर रमाएकै छन् ।

युवाहरूले विदेशबाट अनेक दुःख गरेर घरखर्च पठाएको पैसा ( रेमिट्यान्स)लाई मुख्य आधार बनाएर सरकारी बजेट बन्छ । तर अधिकतर युवाले विदेश जाँदा साहु-महाजनसँग लिएको पैसाको साँवा-ब्याज समयमा तिर्न सकेका छैनन् । सरकारलाई युवाहरूको समस्यातर्फ मतलब छैन, केवल रेमिट्यान्स चाहिएको छ । देशमा रोजगारी दिन नसक्नेहरू युवाले विदेशमा ज्यान धरापमा राखेर कमाई ल्याएको पैसामा ऱ्याल चुहाउँछन् ।

मिठोमसिनो खान, नयाँ लुगा लाउन दसैं पर्खिनुपर्ने किसान-मजदुर, श्रमजीवी नेपालीको सङ्ख्या उस्तै छ । लोकतन्त्र, गणतन्त्र आयो भनिएको 'नयाँ नेपाल'मा कुनै वर्ष एक रुपियाँ वैदेशिक ऋण घट्न सकेन ।

प्राकृतिक र मानवीय जनशक्तिमा धनी देशलाई गरिबीको खोल ओढाएर विदेशबाट मागी ल्याउने र भ्रष्टहरू मिलीमिली लुटिखाने परम्परा बनेको छ ।

एमसिसीजस्तो नेपाली स्वाभिमानविरोधी परियोजनामा सुरुमा कमिसनको भागबन्डा नमिल्दा संसद्मा बबाल भयो । बबाल गर्नेमा दलाल मधेशी सांसदहरू पनि अग्रपङ्क्तिमा थिए । सबैलाई भागशान्ति कमिसनको कुरा मिलेपछि भने सबै शान्त भए र एमसिसी पारित गरे ।

निर्वाचनका बेला नालायक, भ्रष्ट मानसिकता भएकाहरूलाई नचिन्दाको परिणाम देशले अझै भोग्न बाँकी छ । समानुपातिक निर्वाचन प्रणाली राखेर प्रमुख राजनीतिक दलले भ्रष्टाचार गर्ने, जनताको आँखा छलेर आफ्ना परिवारका मान्छे र झोलेहरूलाई निर्णायक तहमा पुऱ्याउने खेलको पृष्ठभूमि रचेका रहेछन् । जनतालाई पहिचानको आवरणमा अल्झाएर समानुपातिक निर्वाचन प्रणालीको बाहिरी दाँत देखाइयो, चपाउने दाँत अर्कै रहेछ । यसको नराम्रो मार विशेषतः सीमान्तकृत मधेशी जनतालाई परेको छ । भ्रष्ट, दलाल, कथित मधेशी नेताहरूले संविधानसभा तथा प्रतिनिधिसभा निर्वाचनमा सभासद छान्दा पत्नी, प्रेमी, आफन्तहरूलाई पहिलो प्राथमिकतामा राखे । त्यसपछि बचेको ठाउँका लागि १० देखि १५ करोडसम्म रकम लिएर उद्योगपतिहरूलाई जनताको मत बेचे ।

निर्वाचनको पृष्ठभूमि र नियत नै आपराधिक, सीमान्तकृत जनविरोधी हुने भएपछि त्यस्ता सांसदहरूले रातो पासपोर्टको दुरूपयोग नगरे के गर्छन् ? देश चलाउन तम्सिने नेताहरूबाट ठुला-ठुला गोरखधन्दाहरू भएका छन् । संविधानसभा निर्वाचनका बेला मन्त्रीको पद र सुटकेसभरी पैसा दिएर पार्टी फुटाइएको, संविधानमा मधेश मुद्दा कमजोर पारिएको जगजाहेर छ ।

मन्त्री, नेता बन्नेहरू लखनउ-लुटमा रमाउने तर अख्तियार दुरूपयोग अनुसन्धान आयोग मौन बसेर रमिता हेर्ने गर्नाले आज देश रोएको छ ।

तीन प्रमुख राजनीतिक दल काङ्ग्रेस, माओवादी र एमालेले मिलेमतो गरी तयार गरेको संविधानको ड्राफ्ट संसदमा ल्याएर अनुमोदन गराउँदा दलाल मधेशी नेताहरू छाँगाबाट खसे झैँ भए । त्यसपछि दलालहरूले आफ्नो कमजोरी र भ्रष्ट आचरण ढाकछोप गर्न मधेश आन्दोलनको नौटङ्की प्रदर्शन गरे । तर बेला बितिसकेको थियो । आन्दोलनको रापताप अल्पमतमा पऱ्यो । मधेशी जनतालाई आफ्ना ठानिएकाहरूबाटै धोका भयो, जसको घाउ अझै आलो छ ।

मधेशी समुदायलाई धोका दिने केही दलाल प्रवृत्तिका मधेशी नेताहरूले गत प्रतिनिधिसभा निर्वाचन र जेनजी आन्दोलनका बेला आंशिक सजाय त पाए तर दलालहरूले गरेको अपराधको सजाय अझै पुगेको छैन । २०८२ फागुन २१ मा हुन लागेको प्रतिनिधिसभा निर्वाचनमा दलाल मधेशी नेताहरूलाई बहिस्कार गर्नुको विकल्प छैन । यिनीहरू सुध्रिन्छन् भन्ने आस गर्नु बेकार छ । अब जसले मधेशी जनताको मुद्दा विनामोलाहिजा बोकेर हिँड्छन्, उनीहरू नै मधेशी जनताका वास्तविक नेता हुनेछन् । मधेशी जनताको भावना यथोचित सम्बोधन नगर्ने वर्तमान संविधान बोकेर देश हिँड्न सक्दैन ।

# कार्यवाहक राष्ट्रपति यादव र कोरियाली राजदूतबीच शिष्टाचार भेट



काठमाडौं । कार्यवाहक राष्ट्रपति रामसहाय प्रसाद यादवसँग नेपालका लागि गणतन्त्र दक्षिण कोरियाका राजदूत पार्क ताए योङ्गले बिहीबार लैनचौरस्थित उपराष्ट्रपतिको कार्यालयमा शिष्टाचार भेट गरेका छन् । भेटमा दुई देशबीचको द्विपक्षीय सम्बन्ध, पर्यटन सहकार्य, श्रम तथा रोजगार, पूर्वाधार विकास, ऊर्जा, लगानी तथा जनस्तरको सम्बन्ध लगायतका विषयमा महत्वपूर्ण छलफल भएको थियो ।

कार्यवाहक राष्ट्रपति यादवले हालै सम्पन्न 'जेनजी आन्दोलन' को पृष्ठभूमिमा नेपालमा नयाँ सरकार गठन भइसकेको उल्लेख गर्दै लोकतान्त्रिक यात्राप्रति नेपालको प्रतिबद्धता दोहोर्याउनुभयो । उहाँले आगामी २०८२ फागुन २१ (५ मार्च २०२६) मा प्रतिनिधिसभा निर्वाचन सम्पन्न गर्नु सरकारको प्रमुख कार्यभार रहेको बताएका हुन् ।

उनले नेपाल-कोरिया सम्बन्धको ५०औं वार्षिकोत्सव सफलतापूर्वक मनाइएको स्मरण गर्दै दुई देशबीचको सम्बन्ध मैत्रीपूर्ण, आपसी सम्मान र समझदारीमा आधारित रहेको बताए । कोरियाली सहयोगले नेपालको सामाजिक-आर्थिक विकासमा महत्वपूर्ण योगदान पुर्याएको भन्दै उनले आगामी दिनमा सहकार्यलाई अझ गहन बनाउने प्रतिबद्धता व्यक्त गरे ।

कार्यवाहक राष्ट्रपति यादवले कोरियाली सरकारप्रति इपीएस कार्यक्रममार्फत नेपाली युवालाई रोजगारीको अवसर उपलब्ध गराएकोमा धन्यवाद व्यक्त गर्दै कोरियासँगको सम्बन्धलाई नेपालले उच्च प्राथमिकता दिँदै आएको स्पष्ट पारे । उनले कोरियाली पर्यटकको नेपालप्रतिको आकर्षण, विशेषत: पदयात्रा र पर्वतारोहण जस्ता क्षेत्रहरूमा, उल्लेखनीय रहेको बताउँदै धार्मिक र सांस्कृतिक समानताले दुई देशबीचको सम्बन्धलाई अझ सुदृढ बनाएको धारणा व्यक्त गरे ।

राजदूत पार्क ताए योङ्गले नेपालप्रति कोरियाली सरकारको सद्भाव, सहयोग र मित्रता निरन्तर रहने प्रतिबद्धता व्यक्त गरेका छन् । उनले 'जेनजी' को माग बमोजिम बनेको नेपाल सरकारलाई कोरियाको समर्थन रहेको उल्लेख गर्दै अगामी चुनावको लागि सहयोग र शुभकामना व्यक्त गरे । 'विगत ३० वर्षदेखि कोरियाले नेपालको शिक्षा, कृषि, आईटीको क्षेत्रमा सहयोग गर्दै आएको छ' राजदूत योङ्गले भने, 'रोजगारको सिलसिलामा कोरिया जाने नेपालीको संख्या बढाउन आफ्नो मुलुकको तयारी छ ।' उनले धेरै कोरियाली कम्पनीहरु नेपाल आउन ईच्छुक रहेको उल्लेख गर्दै द्विपक्षीय सम्बन्धलाई अझ सशक्त बनाउने दिशामा कोरियाली पक्षबाट आवश्यक सहयोग जारी रहने बताए ।

# महेश बस्नेतलाई तत्काल पक्राउ गर्न सोभा पाठकको माग



काठमाडौं । एमालेका नेता महेश बस्नेतलाई पीडित सोभा पाठकले तत्काल पक्राउ गरेर करबाही गर्न माग गरेकी छन् । मंगलबार राजधानीको संवाद डबलीमा पत्रकार सम्मेलनको आयोजना गरी पठकले बस्नेतलाई अध्यक्ष केपी ओली, प्रहरी प्रशासनदेखि न्यायी निकायलेसमेत संरक्षण गरेको आरोप लगाएकी छन् ।

पीडित पाठकले विगत ११ वर्षदेखि आफूलाई बस्नेतले यौन शोषण तथा दुरब्यबहार गरेको बताउँदै भनिन्,"मैले बलत्कारी महेश बस्नेतको अपराधको विषयमा जाहेरी दिदा पनि राजनीतिक पहुँचको कारण उल्टै मालाई बारम्बार पक्राउ गरी पीडित बनायो ।" पाठकले बलत्कार, भ्रूण हत्या र डाँका चोरी गरेको विषयमा जहेरी हालेकोले महेश बस्नेतलाई पक्राउ गर्नुपर्ने बताउँदै पाठकले भनिन्,"अहिलेका गृहमन्त्री ओमप्रकाश अर्यालले महेश बस्नेतलाई पक्राउ नगरीए म अन्तिम हदसम्म जान बाध्य हुने छु ।" पाठकले वर्तमान सरकाराका खेलकुद मन्त्री बब्लु गप्ताले महेश बस्नेतको योजनामा आफूलाई अपहरण गरी जबरजस्ती दुर्गा प्रसाईको विरुद्धमा बोल्न बाध्य बनाएको पनि उनले बताईन ।

सामाजिक अभियान्ता राधिका बरालले वर्तमान सरकारले बस्नेतलाई पक्राउ गरी कारबाही गर्न माग गरिन् । बरालले मन्त्री बब्लु गुप्ता पनि दोषी भएकोले उनलाई पनि कानुनी दायरामा ल्यायनुपर्ने बताउँदै भनिन्,"दुर्गा प्रसाईले पनि सोभालाई दुर्व्यवहार गरेको भए उनलाई पनि कानुनी दयायरामा लयाएर अनुसन्धान हुनुपर्छ, नत्र भए अपराधीहरुलाई त्यसै किन छाडिन्छ ।"

सामाजिक अभियान्ता सर्मिला वाईबाले महेश बस्नेतहरुले समाजलाई विक्रित बनाएकोले त्यसलाई रोक्नुपर्ने धारणा राखिन् । बस्नेतले सोभा पाठकमाथि लामो समयसम्म शोषण गरेको बताउँदै भनिन्,"बस्नेत दाईको अत्याचारले सीमा नाघिसकेको छ, उनिहरुको डरमा बस्न जरुरी छैन, अब खुलेर लड्नुपर्छ ।"

अधिवक्ता वाईपी अधिकारीले महेश बस्नेतलाई पक्रेर अनुसन्धान गर्नेभन्दा पीडितलाई बारम्बार पुलिस हिरासतमा लिनु गलत भएको बताए । उनले बस्नेतको बारे उजुरी पर्दा उनलाई कानुन नलग्ने तर सोभालाई कानुन भएको बताउँदै भने," यहाँ कानुन 'सानालाई ऐन तर, ठूलालाई चैन' भयो ।"

जेन्जी ज्योती थापाले देशमा ठूलो परिवर्तनपछि पनि महिलाहरुमाथि शक्ति र पहुँचवालाहरुले शोषण गरिनु दुःखत भएको बताईन् । अधिवक्ता मनिषा गौतमले पुराना राजनीतिक दलहरुको आडमा कानुन हातमा लिएर अन्याय अत्याचार बढाएको र अब बदलिदो परिस्थितिमा त्यसलाई रोक्ने प्रत्यत्न गर्नु पर्ने धारणा राखिन् ।

# पहिला देश अभियानले भोलि १६ गते काठमाडौंमा प्रदर्शन गर्ने

काठमाडौं । पहिला देश (पिपुल्स रेभुलेसन) अभियानले तत्कालिन प्रधानमन्त्री केपी ओली, गृहमन्त्री रमेश लेखक र सिडियोलाई पक्राउ नगरेपछि भोलि १६ गते माइतिघरमा प्रदर्शन गर्ने जनाएको छ । शनिबार राजधानीको संवाद डबलीमा पत्रकार सम्मेलनको आयोजना गरी शुसिला कार्कीले जेन्जीको माग अनुसार काम गर्न नसकेको भन्दै उनको राजिनामासमेत मागेका छन् ।

पहिला देश अभियानका डा.निकोलश भूषालले जेन्जी आन्दोलन मुलत: सुशासन र भ्रष्टाचार मुक्त समाज तथा कार्यकारी प्रमुखको लागि भएको तर वर्तमान सरकार उल्टो दिशामा गएको आरोप लगाए । भूषालले जेन्जीलाई गोलि हान्न आदेश दिने ओली र लेखकलाई पक्रेर अनुसन्धान गर्नु सरकारको पहिलो प्राथमिकता भएपनि त्यसो नगरेकाले भोलि १६ गते प्रदर्शनमा उत्रन बाध्य भएको बताए ।

पहिला देशका संयोजक एसपी शाहले भोलिको प्रदर्शनमा जेन्जी, लघुवित्त, सहकारी, मिटर ब्याज, बैंकलगायतका पीडितले संयुक्तरुपमा प्रदर्शन गर्ने जानकारी दिए । आफूहरुले जेन्जी आन्दोलनपछि देशमा आमुल पविर्तन भएको हेर्न चाहेको तर, ठूलो बलिदानबाट आएको सरकार पुरानै व्यवस्था र भ्रष्टहरुको संरक्षक भएको आरोप लगाउँदै त्यसको विकल्प खोजिनु पर्ने माग गरे ।

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौं, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

जलेश्वर नगरपालिका
महोत्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौं, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
